दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २२६ | बुटवल | २०८३ भदौ ११ गते, बिहिबार | नेपाल संवत ११४६ | Thursday August 27, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

**सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं**

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौ ।

नेपाल सरकार विज्ञापन बोर्ड

## भोटेकोसी बाढीको बितण्डा :
# रसुवामा साढे चारसय जना बेपत्ता, ९५ जनाको मृत्यु



**लुम्बिनी संवाददाता**
*बुटवल*

चीनको स्वशासित क्षेत्र तिब्बतमा हिमपहिरोका कारण हिमताल फुट्दा रसुवा, नुवाकोट र धादिङ हुँदै बहेको भीषण बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको छ । इतिहासकै दुर्लभ र अकल्पनीय यो प्राकृतिक विपत्तिका कारण दर्जनौं बस्तीहरू बगाएका छन् भने ठूलो संख्यामा नागरिकहरू बेपत्ता भएका छन् ।

भोटेकोसीमा आएको भीषण बाढीमा परी मृत्यु हुनेको संख्या बुधबार साँझसम्म ९५ जना पुगेको छ । बाढीपछि विभिन्न स्थानमा गरिएको खोज तथा उद्धारका क्रममा ९५ जनाको शव फेला परेको हो । नेपाल प्रहरीले उपलब्ध गराएको तथ्यांकअनुसार २७ जना महिला, ३७ जना पुरुष, ६ जना बालिका, ५ बालक र पहिचान नखुलेका २० जनाको शव फेला परेको हो ।

जसमध्ये रसुवामा १ जनाको पुरुषको शव फेला परेको छ । नुवाकोटमा ५ जना महिला र ६ जना पुरुष गरी ११ जनाको शव फेला परेको छ । धादिङमा ११ महिला, ५ पुरुष, २ (पहिचान नखुलेको) गरी १८ जनाको शव फेला परेको प्रहरीले जनाएको छ ।

गोरखामा एक महिला, ४ पुरुष र एक बालक र १० जना (पहिचान नखुलेको)को शव फेला परेको छ । चितवनमा १० महिला, १० पुरुष, २ बालिका, ३ बालक र ८ जना (पहिचान नखुलेका)को शव भेटिएको छ ।

प्रहरीका अनुसार तनहुँमा ३ जना पुरुष, १ जना बालिका र १ जना बालकको शव फेला परेको छ भने नवलपरासीपूर्वमा ८ जना पुरुष र ३ जना बालिकाको शव फेला परेको छ ।बागमती प्रदेशअन्तर्गतका जिल्लामा फेला परेका शवहरुको सनाखत हुन नसकेको एसएसपी धमलाले बताए । बाढीमा परी घाइते भएका ९३ जनाको उद्धार गरिएको छ । जसमा रसुवाबाट ४३ जना, नुवाकोटमा ४७ जना, धादिङमा ३ जनालाई उद्धार गरिएको प्रहरीले जनाएको छ । घाइतेलाई विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा पठाएर उपचार भइरहेको प्रहरीले जनाएको छ । बाढीमा परेर मृत्यु हुनेको संख्या धेरै हुने अनुमान छ । रसुवामा बुधबार बिहान अचानक बाढी आएपछि त्यस क्षेत्रमा ४७७ जना सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन हुनेमा ७९ जना सुरक्षाकर्मी, १४ जना भन्सार कर्मचारी र ३८४ जना स्वदेशी तथा विदेशी पर्यटक रहेका छन् । परराष्ट्रमन्त्री शिशिर खनालले बुधबार प्रतिनिधिसभा बैठकमा प्रहरी चौकीमा कार्यरत २६ प्रहरी र सशस्त्र प्रहरीतर्फ ९ जना सम्पर्कविहीन रहेको जानकारी दिए । नेपाली सेनातर्फ टिमुरे र मैलुङ पोष्टमा गरी ४४ जना सम्पर्कविहीन रहेको उनले जनाए ।

अर्थ मन्त्रालयले रसुवागढी भन्सार, अध्यागन कार्यालयका केही कर्मचारी सम्पर्कविहीन रहेको जनाएको छ । रसुवागढी भन्सारमा कार्यरत १४ जना कर्मचारी सम्पर्कविहीन भएका छन् । रसुवा भन्सारमा ३६ स्थायी दरबन्दी रहेको थियो । तीमध्ये प्रमुख भन्सार प्रशाशक राजेन्द्र ढुंगानासहित २५ जना सम्पर्कमा रहेको अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको सचिवालयले जनाएको छ । सचिवालयका अनुसार, चारजना करार र ज्यालादारी कर्मचारीमध्ये एकजना मात्र सम्पर्कमा रहेका छन् । ११ जना स्थायी र तीनजना करार तथा ज्यालादारी गरी कुल १४ जना कर्मचारीबारे खोजी कार्य जारी रहेको सचिवालयले जनाएको छ ।

नेपाल पर्यटन बोर्डले बाढीका कारण स्वदेशी र विदेशी गरी कुल ३८४ जना पर्यटक सम्पर्कविहीन रहेको जनाएको छ । सम्पर्कविहीन पर्यटकमध्ये २९१ जना विदेशी र ९३ जना स्वदेशी रहेको बोर्डले जनाएको छ । बोर्डका अनुसार, सम्पर्कविहीन भएका विदेशी पर्यटकमा १०५ जनाभन्दा बढी भारतीय रहेका छन् । बोर्डले विभिन्न सरोकारवाला निकायसँग सम्पर्क गरेर हराइरहेका पर्यटकको विवरण निकालेको जनाएको छ ।

बुधबार बिहान करिब साढे ८ बजेतिर चीनको तिब्बतबाट अचानक बाढी नेपालको भोटेकोसी नदीमा प्रवेश गरेको थियो । बाढीले रसुवा, नुवाकोट र धादिङमा ठूलो जनधनको क्षति गरेको छ । रसुवा बाढीमा परेकाहरूमध्ये धादिङमा ६ जनाको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय धादिङका अनुसार दिउँसो ३ बजेसम्म गल्छी गाउँपालिका महेश दोभानमा एक महिलाको, गल्छी कै कोल्फु खोला पुलनजिकै २ जना पुरुषको, सिद्धलेश गाउँपालिका-७ स्थित त्रिशूलीकै किनारमा एक शव, बेनिघाट रोराङ गाउँपालिका बेनिघाट बजार नजिकै त्रिशूली किनारमा २ महिलाको शव फेला परेको हो । धादिङ प्रहरीले ७ जनाको उद्धार गरिएको जनाएको छ । उद्धार गरिएका घाइतेहरूलाई स्थानीय अस्पतालमा उपचारका लागि लगिएको छ ।

भोटेकोशी बाढीको इपिसेन्टर बनेको गोसाईंकुण्ड गाउँपालिकाका उपाध्यक्ष र एकजना अध्यक्षपनि सम्पर्कविहीन भएका छन् । गाउँपालिका अध्यक्ष कैसाङ नुर्पु तामाङले हराएका जनताको संख्या टिप्न आफूले र कर्मचारीले नभ्याएको बताए ।

गाउँपालिका अन्तर्गत वडा नम्बर २ र ५ का तटीय क्षेत्रका सयौं बासिन्दा बेपत्ता रहेको उनले जनाए । गाउँपालिका उपाध्यक्ष प्रतिमा तामाङ र ५ नम्बर वडाका वडाध्यक्ष दावा मिङ्मार तामाङ पनि बिहान बाढीलगत्तै बेपत्ता भएका छन् । दुवै जनाको फोन सम्पर्कविहीन हुँदै अहिले आएर स्वीच अफ भएको अध्यक्ष नुर्पुले बताए । उपाध्यक्ष तामाङ पनि वडा नम्बर ५ स्याफ्रुबेसीकी हुन् । वडा नम्बर २ रसुवागढी टिमुरे क्षेत्र हो ।

» बाँकी ३ पेजमा

### 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा

बुटवल । सरकारले रसुवाको भोटेकोसी नदीमा आएको भीषण बाढीबाट प्रभावित क्षेत्रलाई तीन महिनाका लागि 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेको छ ।

बुधबार सिंहदरबारमा बसेको मन्त्रीपरिषद् बैठकले बाढीका कारण जनधनको ठूलो क्षति भएको निष्कर्ष निकाल्दै उद्धार, राहत र पुनर्निर्माणलाई प्रभावकारी बनाउन उक्त निर्णय गरेको हो । बैठकका निर्णयहरूबारे जानकारी दिँदै सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले रसुवाको सिमा क्षेत्र रसुवागढी र तल्लो तटीय क्षेत्रमा भएको क्षतिप्रति सरकारले गहिरो दुःख व्यक्त गरेको बताए ।

बाढीमा परी घाइते भएका व्यक्तिहरूको सरकारी अस्पताल, नेपाली सेना र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमार्फत् तत्काल निःशुल्क उपचारको व्यवस्था मिलाइने भएको छ । यस्तै, जोखिममा परेका र बिचल्लीमा परेका नागरिकहरूको तत्काल उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न गृह र रक्षा मन्त्रालयलाई निर्देशन दिइएको छ । उद्धार कार्यका लागि नेपाली सेना र निजी क्षेत्रका हेलिकोप्टरहरू परिचालन गरिनेछ ।

घरवास गुमाएका नागरिकहरूका लागि सुरक्षित स्थानमा आवास र खानपानको प्रवन्ध गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र स्थानीय तहका समितिहरूले गर्नेछन् । साथै, मृतकका परिवारलाई प्रचलित कानूनबमोजिम उपलब्ध गराइने आर्थिक सहायता तत्काल प्रदान गरिने निर्णय भएको छ ।

बाढीका कारण अवरुद्ध भएका सडक, खानेपानी, विद्युत् र दूरसञ्चार सेवालाई यथाशीघ्र सुचारु गर्न सम्बन्धित मन्त्रालय र निकायहरूलाई कार्यभार सुम्पिएको छ । क्षतिग्रस्त सार्वजनिक संरचना र भौतिक पूर्वाधारको पुनर्निर्माणका लागि आवश्यक पर्ने आर्थिक स्रोतको समन्वय गर्ने जिम्मेवारी अर्थमन्त्रीलाई दिइएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम बाढी प्रभावित स्थानीय तहहरूलाई आगामी तीन महिनाका लागि 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरिएको छ । यसबाट प्रभावित क्षेत्रमा राहत र पुनर्निर्माणका कार्यहरू थप द्रुत गतिमा अघि बढाउन सहज हुने सरकारको विश्वास छ ।

यसैबीच प्रतिनिधिसभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ ।

» बाँकी ३ पेजमा

### भारत, चीन र विश्व बैंकद्वारा सहयोगको प्रतिबद्धता

बुटवल । विपदग्रस्त नेपालका बाढीप्रभावितको उद्धार र पुनर्निर्माणका लागि आर्थिक सहयोग गर्न भारत, चीन र विश्व बैंकले तत्काल समन्वय गरेका छन् । बाढीको समाचार बाहिर आए लगत्तै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग नेपाल हेर्ने विश्व बैंकका राष्ट्रिय निर्देशक डेविड सिस्लेनले विभिन्न स्रोतबाट आपतकालीन सहयोग स्वरुप रु. २५ अर्ब सहयोग गर्न सकिने जानकारी गराएका थिए ।

दक्षिणी छिमेकी मित्रराष्ट्र भारतले बाढीपीडितका लागि तत्काल चाहिने राहत सामग्रीहरू के-के हुन् भनी सरकारसमक्ष सूची पठाउन आग्रह गरेको छ । प्रधानमन्त्री, अर्थमन्त्रीलगायत अन्य वरिष्ठ मन्त्रीहरुसँग समन्वय गर्दै परराष्ट्रमन्त्री शिशिर खनालले भारतीय सहयोग सामग्री आज नै काठमाडौं ल्याइने तयारी भइरहेको बताए ।

यस्तै, उत्तरी छिमेकी मित्रराष्ट्र चीनले पनि तत्कालै नगद सहयोग गर्ने भएको छ । त्यसका लागि रकम पठाउने प्रक्रिया सुरु गर्न चिनियाँ राजदूत जाङ्ग माओमिङ्गले अर्थमन्त्रीमार्फत् नेपाल सरकारलाई आग्रह गरेका छन् ।

छिमेकी मुलुक र दातृ निकायको उदार सहयोगको प्रतिबद्धताप्रति सरकारका तर्फबाट आभार व्यक्त गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अन्तर-सरकारी समन्वय गरी सहयोग मोडालिटीका सन्दर्भमा छलफल गरिरहेको उनको सचिवालयले जनाएको छ ।

# दुर्गा प्रसाईंलाई विनाकारण धरपकड नगर : सर्वोच्च



बुटवल । सर्वोच्च अदालतले व्यवसायी दुर्गा प्रसाईंलाई कारणविना निगरानी तथा धरपकड नगर्न र घर खानतलासीबाट बरामद सामान फिर्ता गर्न प्रहरीलाई आदेश दिएको छ ।

भक्तपुर प्रहरीले प्रसाईंलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गत अनुसन्धानका लागि पक्राउ गरी सर्वोच्चमा बन्दीप्रत्यक्षीकरण रिट निवेदन विचाराधीन रहेको अवस्थामै भक्तपुर अदालतको आदेश अनुरूप छाडिएको थियो । प्रसाईं हिरासतमा नरहेका कारण बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नरहे पनि कारणबिना निगरानी र अवरोध नगर्न तथा घरबाट खानतलासीका लागि लगिएका सामान फिर्ता गर्न सर्वोच्चले आदेश दिएको छ । पक्राउका क्रममा गत भदौ ४ गते घरबाट खानतलासी गरी विभिन्न सामानहरू कब्जामा लगेको दाबीसमेत बन्दीको रिटमा गरिएको थियो ।

प्रसाईंको हकमा उनकी पत्नी उमा प्रसाईंले दिएको रिटमा मंगलबार (भदौ ९) सर्वोच्चका न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले प्रहरीबाट कब्जामा लिइएका सामानहरू फिर्ता गर्न आदेश दिएको हो । उक्त आदेशको लिखितप्रति बुधबार सार्वजनिक भएको छ ।

बरामद गरिएका सामानहरू अपराध अनुसन्धानको प्रयोजनको लागि वैज्ञानिक परीक्षणका लागि केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा पठाएर परीक्षण प्रतिवेदन समेत प्राप्त भैसकेको भन्दै भक्तपुर प्रहरीले सर्वोच्चलाई लिखित जवाफ दिएको थियो ।

उक्त जवाफलाई आधार बनाउँदै जफत गरिएका सामानहरू प्रसाईंकी पत्नी उमालाई जिम्मा लगाउन भनिएको छ ।

अदालतमा पेस गर्नुपर्ने अवस्था भएका बखत बरामद सामानहरू दसीका रूपमा अनुसन्धान अधिकारी समक्ष बुझाउने सर्तमा तत्काल फिर्ता दिन भक्तपुर प्रहरीलाई परमादेश जारी भएको हो ।

» बाँकी ३ पेजमा

# १५ सय १औं मोहम्मद जयन्ती मनाइयो



**मोहम्मद हबिब**
*भैरहवा*

भैरहवासहित विश्वभरका मुस्लिम समुदायले उत्साह र श्रद्धाका साथ १५०१औं मोहम्मद जयन्ती मनाएका छन् । इस्लामी धर्मका अन्तिम सन्देशवाहक पैगम्बर हजरत मोहम्मदको जन्मदिनको अवसरमा रूपन्देहीको भैरहवामा प्रभातफेरी, जश्ने इद मिलादुन्नबी, रक्तदान, जीवनी वाचन, उपदेश र वाणीहरूको स्मरण गर्दै विभिन्न सामाजिक तथा धार्मिक कार्यक्रम आयोजना गरिएको हो । विगत पाँच दशकदेखि निरन्तर निकाल्दै आइएको ऱ्यालीलाई यस वर्ष पनि भव्यताका साथ निरन्तरता दिइएको छ ।

स्थानीय मस्जिद र मदरसाहरूको नेतृत्वमा निकालिएको विशाल ऱ्यालीले भैरहवाका मिलनचोक, बुद्धचोक, देवकोटा चोकलगायत नगरका मुख्य-मुख्य भागको परिक्रमा गरेको थियो । ऱ्यालीमा सिद्धार्थनगर नगरपालिकाभित्रका दोगहरा, गल्लामण्डी, शंकरपुर, कचरिहवा, पिपरहीया, पक्लिहवा, खजहना, खजुरिया, रानीगाउँ, कठौतिया, उदयपुर, गोलिगढलगायत सबै र ठुठीपिपल, कोटिहवा, मधवलिया तथा चैनपुर, बसन्तपुर, बेनीपुरलगायतका क्षेत्रबाट हजारौं मुस्लिम समुदायको सहभागिता रहेको थियो । सहभागीहरूले धार्मिक झण्डा, प्लेकार्ड र इस्लामिक सन्देश बोकेर नगर परिक्रमा गर्दा भैरहवाका सडकहरू ढकमक्क रङ्गिएका थिए ।

यस अवसरमा मुस्लिम धर्मावलम्बीहरूले घर, मस्जिद र मदरसाहरूलाई विशेष रूपमा सजाएका छन् । एक-आपसमा शुभकामना आदानप्रदान गर्दै मिठा परिकार बनाइ प्रसादको रूपमा सिरनी वितरण गरिएको छ । धर्मका नाममा कुनै पनि भेदभाव नगरी सबै धर्मलाई समान दृष्टिले हेर्नुपर्ने र सबै मिलेर एकजुट हुनुपर्ने मोहम्मदको मुख्य सन्देश रहेको उपस्थित धर्मगुरुले चर्चा गरे । धार्मिक मान्यताअनुसार हजरत मोहम्मदको जन्म साउदी अरबको मक्का सहरमा इस्लामी पात्रो हिजरी संवत्को रबिउल अव्वल महिनाको १२ तारिखका दिन बुबा अब्दुल्लाह र आमा आमिनाको कोखबाट भएको थियो ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## उद्धार र राहतमा प्राथमिकता देऊ

रसुवाको भोटेकोसीमा आएको बाढीले अकल्पनीय क्षति भएको छ। बाढीले रसुवा, नुवाकोट र धादिङमा भएको भौतिक र मानवीय क्षतिको यकिन तथ्याङ्क आइसकेको छैन। टिमुरे भन्सार कार्यालय क्षेत्र बगरमा परिणत भएको छ। बेत्रावती बजारको अवस्था उस्तै छ। त्रिशुली बजारमा पनि ठूलो क्षति भएको छ।

हिमताल फुटेर वा हिमपहिरोले नदी थुनिएर फुट्दा बाढी आएको भनिए पनि प्रष्ट हुन सकेको छैन। परराष्ट्रमन्त्री शिशिर खनालले संसदमा घटनाबारे जानकारी दिँदै भूकम्पपछि हिमपहिरो जाँदा बाढी आएको प्रारम्भिक सूचना आएको बताएका छन्। खोलाको सतहदेखि २७० फिट माथिसम्मका बस्तीहरुमा बाढी पसेकोले क्षति अकल्पनीय भएको छ। बाढीले बगाएकाको तथ्याङ्क प्रष्ट छैन। बुधबार साँझसम्म २२ जनाको शव भेटिएको छ। सरकारले रसुवा, नुवाकोट र धादिङलाई बाढी संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। सरकारले उद्धार, राहत र पुनःस्थापनाका लागि सबै जुट्न आव्हान गरेको छ। मुलुककै संभवतः ठूलो बाढी र क्षति भएकाले यो संकटका बेला सबै एकजुट भई जुट्न आवश्यक छ। उद्दार, राहत र पुनःस्थापनाको काममा सरकारी संयन्त्रलाई सहयोग गर्न आवश्यक छ। उद्धारमा प्रहरी र सेनाको टोली खटिइसकेको छ। हेलिकप्टरबाट बाढी प्रभावितको उद्धार गर्ने काम भइरहेको छ। घाइतेलाई अस्पताल पुर्‍याउने काम भइरहेको छ। घाइतेको नुवाकोट र काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छ। अझै द्रुत उद्धारका लागि सरकारी निकायको संयोजनकारी परिचालन आवश्यक छ। मन्त्रीपरिषद्को बैठकले उद्धारका लागि गृहमन्त्रीलाई संयोजनकारी भूमिकाको जिम्मेवारी दिएको छ।

विपतपछिको प्रतिकार्यका लागि सरकारी निकायको संयोजन जति आवश्यक छ, त्यो काममा आम नागरिकको साथ र सहयोगले प्रतिकार्य योजना कार्यान्वयनमा बल पुग्छ। यतिबेला हो राजनैतिक दलले आफ्नो पार्टी पंक्तिलाई परिचालन गर्ने। राजनैतिक दलले आफ्नो पार्टी पंक्तिलाई परिचालन गरी विपत व्यवस्थापनलाई चुस्त बनाउन सहयोग गर्न सक्छन्। सरकारी निकायले कार्यालय समय नभनी काम गरी विपत व्यवस्थापनमा सहयोगी बन्न सक्छन्। नेपाल टेलिकमले विपत प्रभावित जिल्लामा निःशुल्क कल र डाटा उपलब्ध गराएर सूचना आदान प्रदानका लागि सहज बनाइदिएको छ।

सरकारले तत्काल उद्धारमा जति ध्यान दिन आवश्यक छ, आवश्यक स्रोत व्यवस्थापनका लागि उत्तिकै लाग्नुपर्छ। चीन, भारत र विश्व बैंकले आवश्यक सहयोगको सूची माग गरिरहेको र अरु देश पनि सहयोग गर्न इच्छुक देखिएकोले सरकारले चाहिएको सहयोगको सूची बनाएर दिनुपर्छ। सहयोगको सूची हाम्रो प्राथमिकताका आधारमा हुनुपर्छ। दाताको रुचीका आधारमा भन्दा हामीले नै प्राथमिकता निर्धारण गरी दिँदा व्यवस्थापनमा सहज हुन्छ। विश्व बैंकले तत्काल २५ अर्ब रुपैयाँ सहयोग गर्न सकिने आश्वासन दिएको छ। भारतले आपतकालीन सामग्री पठाउने र चीनले नगदै दिने भएका छन्।

संघीय सरकार एक्लै अघि बढेर हुँदैन। संघीय सरकारले स्थानीय तह र प्रदेश सरकारसँग समन्वकारी ढंगले अघि बढ्दा मात्रै विपत व्यवस्थापन प्रभावकारी गर्न सक्छ। खासगरी उद्धार, राहत र पुनःस्थापनाका कार्यमा तहगत सरकारबिच समन्वय नभई सुखै छैन। तत्काल विस्थापित, घाइते र बेपत्ताको तथ्याङ्क संकलन गर्ने काममा स्थानीय तहको साथ अपरिहार्य छ। तहगत सरकारबिच संयोजनकारी भूमिका हुनुपर्ने बेला यही हो। सबै मिलेर अघि बढ्दा मात्रै विपतको सामना गर्न सम्भव छ।

# बढ्दो युवा बेरोजगारीः गम्भीर चुनौती

प्रेमलकुमार खनाल

बेरोजगारीको भयावह समस्याले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा अनेकन् समस्या उत्पन्न गर्छ। बेरोजगारीको परिणाम केवल व्यक्तिको आम्दानी मात्रै गुम्ने होइन, यसका गहिरा सामाजिक, आर्थिक र राजनीतिक परिणाम हुन्छन्। युवा बेरोजगार हुँदा मानव श्रम उत्पादनमा प्रयोग हुँदैन। यसले राष्ट्रिय उत्पादन र उत्पादकत्व घटाउने काम गर्छ।

हरेक वर्षको अगस्ट १२ तारिख विश्वभर संयुक्त राष्ट्रसंघको आह्वानमा अन्तर्राष्ट्रिय युवा दिवस मनाइन्छ। यस वर्ष सन् २०२६ का लागि संयुक्त राष्ट्रसंघले 'फरक परिस्थिति, साझा आकांक्षा' भन्ने मूल नारा अगाडि सारेको छ। देश, समाज, वर्ग, भूगोल र संस्कृतिको परिस्थिति फरक-फरक भए पनि विश्वका युवाका मूल आकांक्षा समान छन्। सम्मानित जीवनयापन, शिक्षा, रोजगारी, आर्थिक सुरक्षा, सामाजिक न्याय, सहभागिता र आफ्नो भविष्य आफैँ निर्माण गर्ने अवसर छ भन्ने स्प्रिटबाट युवाहरूको रोजगारीका लागि ध्यान दिनुपर्ने आवश्यकतालाई संयुक्त राष्ट्रसंघको यस नाराले उजागर गरेको छ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले अगस्ट ११ तारिखमा सार्वजनिक गरेको युवाहरूको लागि विश्वव्यापी रोजगारी प्रवृत्ति २०२६ को प्रतिवेदनमा सन् २०२५ मा विश्वव्यापी युवा बेरोजगारी दर १२.४ प्रतिशत पुगेको छ, जुन १५ देखि २४ वर्ष उमेरका ६ करोड ७० लाख बेरोजगार मानिसहरू जस्तै हो। साथै, रोजगारी, शिक्षा वा तालिममा नभएका युवाहरूको हिस्सा (नो इम्लोइमेन्ट, नो एजुकेसन, नो ट्रेनिङ-निट) थोरै बढेर २० प्रतिशत पुगेको छ।

यसले २५ करोड ७० लाखभन्दा बढी युवालाई प्रत्यक्ष प्रभाव पारेको छ। युवा बेरोजगारीमा सबैभन्दा तीव्र वृद्धि उच्च आय भएका अर्थतन्त्रहरूमा भएको छ, जसले गर्दा लाखौँ युवाको काम गर्ने जीवनको सुरुमा उनीहरूको आकांक्षालाई निराश बनाएको छ। सन् २०२३ र २०२५ को बीचमा, विश्वका ११ उपक्षेत्रमध्ये आठवटा उपक्षेत्रमा आर्थिक वृद्धिदर सुस्त हुनाले युवा बेरोजगारी दर बढ्यो। रोजगारी सिर्जनाको आधार कमजोर बन्यो। यस्तै भूराजनीतिक तनाव र द्रुत प्राविधिक परिवर्तनका कारणले पनि विभिन्न देशमा युवा बेरोजगारी बढेको आइएलओले उल्लेख गरेको छ।

आइएलओको पछिल्लो विश्लेषणले सन् २०२३ मा विश्व युवा श्रमशक्तिको युवा बेरोजगारी दर १३ प्रतिशत थियो, जुन १५ वर्षयताकै न्यून स्तर भए पनि विश्वका करिब २० प्रतिशत युवा न रोजगारीमा, न शिक्षा वा तालिम प्राप्त गर्न सकेका छैनन्। यस्ता युवामध्ये करिब दुईतिहाइ त महिला छन्। अझ पछिल्लो आइएलओको विश्लेषणअनुसार २०२५ मा १५-२४ वर्ष उमेरका करिब २ सय ६२ मिलियन युवा, अर्थात् करिब चारमध्ये एक जनाले रोजगारी, शिक्षा वा तालिममध्ये कुनैमा पनि प्राप्त गरेका छैनन्।

यसैले आजको मूल प्रश्न हो– युवालाई कसरी बेरोजगार हुन नदिने मात्र होइन, कस्तो अर्थतन्त्र निर्माण गर्ने ? जसले युवालाई मर्यादित, उत्पादनशील, सुरक्षित र भविष्य निर्माण गर्न सकिने रोजगारी निरन्तर सिर्जना गर्न सकियोस्। यस्ता प्रश्नको उत्तर खोज्नु युवा दिवसको मुख्य राजनीतिक र आर्थिक जिम्मेवारी हो। देशका शिक्षित युवाहरू रोजगारीका लागि भौँतारिनुपर्छ, सीप भएको युवा आफ्नो सीपअनुसार काम पाउँदैनन्। काम पाएको युवा न्यून ज्याला र असुरक्षित अवस्थामा काम गर्न बाध्य हुन्छ र अन्ततः लाखौँ युवा बिदेसिन बाध्य हुन्छन् भने यस्तो समस्या युवामा होइन, रोजगारी सिर्जना गर्न नसक्ने आर्थिक संरचनामा छ। यहाँनेर अर्को उल्लेखनीय विषय के छ भने बेरोजगारी दर घट्नु मात्रै उपलब्धि होइन। यदि युवाहरू रोजगारीमा त छन् तर उनीहरूले न्यून मात्रै तलब, ज्याला पारिश्रमिक पाउँछन्; यस्तै उनीहरू अस्थायी करारमा छन् र उनीहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति छैन; उनीहरूलाई ट्रेड युनियन अधिकार प्रदान गरिएको छैन; उनीहरूको कामको सुरक्षा छैन, सीपअनुसारको काम छैन र भविष्यमा बढ्ने आयको सुनिश्चितता छैन भने त्यस्तो रोजगारीलाई मात्र रोजगारी सिर्जना भयो भनेर उपलब्धि मान्न सकिँदैन। त्यसैले रोजगारीको संख्या मात्र होइन, रोजगारीको गुणस्तर आजको प्रमुख प्रश्न हो। यो मानव पुँजी विकासको अवसर गुमेको अवस्था हो। यसैले युवाका लागि मर्यादित काम रोजगारी, सामाजिक न्याय र मानव पुँजीमा लगानीलाई आर्थिक आवश्यकतासँग जोड्न आवश्यक छ।

नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ। यसमध्ये १५-२४ वर्षका युवा करिब ५७ लाख छन्। यस्ता युवामध्ये न रोजगारी, शिक्षा तथा सीप, तालिम प्राप्त नगरेका युवा झन्डै २० लाख छन्। यस्ता युवाको दर ३५.३ प्रतिशत छ। यसमध्ये पनि ग्रामीण क्षेत्रमा ४३.३ प्रतिशत युवा संख्या बेरोजगार अवस्थामा छन्। यस्तै नेपाल श्रम सर्वेक्षण २०१७-१८ अनुसार कुल श्रमशक्ति झन्डै ७९.९ लाख रहेका छन्। यसअनुसार बेरोजगार झन्डै ९.०८ लाख र बेरोजगारी दर १२.६ प्रतिशत रहेको छ। यस्तै अनौपचारिक क्षेत्रमा श्रम अभ्यास ८६ प्रतिशतभन्दा बढी रहेको आइएलओको पछिल्लो प्रकाशनले उजागर गरेको छ। नेपालमा बेरोजगार युवाबाहेक अरू त रोजगारी छन् भनेर त भन्न सकिन्छ। तर, नेपालको युवा रोजगारीको ठूलो विरोधाभास छ। नेपालमा रोजगारीमा रहेको भन्नाले अनिवार्य रूपमा राम्रो रोजगारीमा रहेको भन्ने स्थिति छैन। नेपालको रोजगारीमा अनौपचारिकता अत्यन्त उच्च छ।

आईएलओको पछिल्लो नेपालसम्बन्धी तथ्यांकअनुसार ८६ प्रतिशतभन्दा बढी श्रमिक अनौपचारिक श्रम अभ्यासमा छन्। महिला श्रमिकको स्थिति अझ कमजोर छ। रोजगारीमा रहेका महिलामध्ये ९० प्रतिशतभन्दा बढी अनौपचारिक श्रम अभ्यासमा छन्। आइएलओको अध्ययनले झन्डै ७०.८६ लाख कामदारमध्ये ८४.६ प्रतिशत अर्थात् करिब ६० लाख श्रमिक अनौपचारिक श्रम अभ्यासमा रहेको देखाएको छ। यस्तै नेपालबाट झन्डै ५०-६० लाख मानिस रोजगारीका लागि विदेश जान बाध्य छन्। हरेक वर्ष श्रमबजारमा झन्डै ६ लाखको हाराहारीमा श्रम शक्ति पदार्पण गर्छन्। रोजगारीसम्बन्धी राष्ट्रिय नीति नहुँदा बेरोजगारीको संख्या हरेक वर्ष बढ्दै गएको छ।

त्यसैले नेपालको समस्या बेरोजगारी मात्र होइन। समस्या भनेको गरिबीमा काम गर्ने, अनौपचारिक श्रम अभ्यास गर्ने, अर्धरोजगारी र न्यून गुणस्तरको रोजगारी पनि हो। यस्तै न्यून ज्याला र अत्यधिक काम अर्को समस्या छ। आइएलओको प्रतिवेदनअनुसार मासिक नगद भुक्तानी पाउने श्रमिकमध्ये २३.५ प्रतिशत श्रमिकले न्यून ज्याला पाउने गरेको र महिला श्रमिकको हकमा न्यून ज्याला पाउनेको संख्या ४२.६ प्रतिशत छ।

यस्तै करिब ४० प्रतिशत श्रमिकले हप्तामा ४८ घण्टाभन्दा बढी काम गर्ने गरेका छन्। त्यसैले रोजगारी पाउनु मात्र पर्याप्त होइन, मर्यादित रोजगारी पाउने गरी रोजगारीको सिर्जना गर्नु अहिलेको आवश्यकता बनेको छ।

नेपालमा बेरोजगारीको प्रमुख कारणमा उत्पादनशील अर्थतन्त्रको कमजोर आधार रहेको छ। वास्तवमा रोजगारी अन्ततः उत्पादन प्रक्रियाबाट सिर्जना हुन्छ। देशको अर्थतन्त्र आयातमा निर्भर रहेको छ। उत्पादन कमजोर छ। उद्योगधन्दा विस्तार हुन सकेको छैन। कृषि उत्पादन ह्रासोन्मुख अवस्थामा छ। उत्पादन र रोजगारी बढाउनका लागि सार्वजनिक लगानी हुन सकेको छैन। घरेलु बजार कमजोर छ। निर्यात व्यापार कमजोर छ। यस्तो स्थितिमा पर्याप्त रोजगारी सिर्जना हुन सक्दैन। नेपालमा आर्थिक वृद्धि र रोजगारी वृद्धिबीच अपेक्षित सम्बन्ध बन्न नसक्नुको एउटा कारण यही संरचनात्मक कमजोरी हो।

नेपालको अर्थतन्त्रभित्र उपर्युक्त किसिमका संरचनात्मक समस्याले गर्दा बेरोजगारी समस्या बढेको छ। जसले रोजगारी पाएका छन्, त्यस्तो रोजगारी पनि मर्यादित बन्न सकेको छैन। नेपाली अर्थतन्त्रमा रोजगारी सिर्जना गर्ने उत्पादन प्रणाली कमजोर छ। यस्तै शिक्षा र श्रमबजारबिच सन्तुलन छैन। ठूलो युवा जनशक्ति न शिक्षा, न रोजगार, न सीप-तालिमले युक्त छन्। रोजगारीको ठूलो हिस्सा अनौपचारिक श्रम क्षेत्रमा छ त्यहाँ सामाजिक सुरक्षाविहीन छ। यसले गर्दा युवा श्रमशक्तिको ठूलो हिस्सा देशभित्र उपयोग हुन नसकेर वैदेशिक रोजगारीतर्फ धकेलिएको अवस्था छ।

बेरोजगारीको भयावह समस्याले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा अनेकन् समस्या उत्पन्न गर्छ। बेरोजगारीको परिणाम केवल व्यक्तिको आम्दानी मात्रै गुम्ने होइन, यसका गहिरा सामाजिक, आर्थिक र राजनीतिक परिणाम हुन्छन्। युवा बेरोजगार हुँदा मानव श्रम उत्पादनमा प्रयोग हुँदैन। यसले राष्ट्रिय उत्पादन र उत्पादकत्व घटाउने काम गर्छ। युवाले शिक्षा र सीप हासिल गरेपछि लामो समय काम नपाएमा सीपको उपयोग हुँदैन।

समय बित्दै जाँदा हासिल गरेको सीपको ह्रास भएर जान्छ। यति मात्रै होइन, बेरोजगारी समस्याले मानसिक तथा सामाजिक प्रभाव पार्छ। लामो बेरोजगारीले युवामा निराशा, असुरक्षा र भविष्यप्रतिको अविश्वास बढाउन सक्छ।

अब श्रमको सम्मान गर्ने, उत्पादनको विस्तार गर्ने, राष्ट्रिय उत्पादन बढाउने, औद्योगीकरणको थालनी गर्ने, उत्पादन र रोजगारी विस्तारका लागि सार्वजनिक लगानी बढाउने, सहकारीलाई अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रूपमा विकास गर्न उत्पादन र रोजगारीमा आधारित सहकारीका कार्यक्रमलाई अगाडि बढाउनुपर्छ। र, श्रमिकलाई सामाजिक सुरक्षासहितको मर्यादित रोजगारी प्रदान गर्नुपर्छ।

तसर्थ, अब उत्पादन वृद्धि गर्ने क्षेत्रमा व्यापक लगानी गर्ने, कृषिको आधुनिकीकरण गर्ने, औद्योगीकरणको थालनी गर्ने र यसका लागि लघु, मझौला तथा स्वदेशी राष्ट्रिय उद्योगको थालनी गरी बहुराष्ट्रिय निगमको बजारलाई न्यून गर्ने, स्वरोजगारीका लागि सुलभ पुँजी, सीप, प्रविधि, बजार र मूल्यको सुनिश्चित गर्दै फलदायी रोजगारीका अवसर सिर्जना गर्ने र युवाहरूको भविष्यलाई सुनिश्चित बनाउने गरी युवा श्रमिक पक्षीय आर्थिक, सामाजिक नीति अवलम्बन गर्ने दिशामा अगाडि बढ्न आवश्यक छ।

आर्थिक कारोबारबाट

# सेयर बजारमा करिब ३६ अंकको गिरावट



काठमाडौं । सेयर बजारमा करिब ३६ अंकको गिरावट आएको छ। बुधबार नेप्से परिसूचक ३५.९२ अंकले घटेर २५५८.३५ विन्दुमा अडिएको छ। मंगलबार नेप्से परिसूचक ५.३० अंकले घटेर २५९४.२७ विन्दुमा अडिएको थियो।

नेप्से घटे पनि कारोबार रकम भने मंगलबारको तुलनामा वृद्धि भएको छ। मंगलबार ४ अर्ब १० करोडको कारोबार भएकोमा बुधबार ४ अर्ब ७७ करोड बराबरको कारोबार भयो। यसदिन ३४८ वटा स्क्रिप्सको १ करोड ३५ लाख ८२ हजार ३२० कित्ता सेयर ४ अर्ब ७७ करोड ३८ लाख ५७ हजार ६५७ रुपैयाँमा खरिदबिक्री भए।

सर्वोत्तम पेन्ट्स इन्डस्ट्रिजको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुँदा रसुवागढी हाइड्रोपावरको सेयर १५ प्रतिशतले घट्यो।

कारोबार रकमका आधारमा चिलिमे हाइड्रोपावर शीर्षस्थानमा रह्यो। सो हाइड्रोपावरले २० करोड मूल्य बराबरको कारोबार गर्‍यो। सानिमा मिडल तमोर हाइड्रोपावरले १९ करोडको कारोबार गर्दा साहास उर्जाले १६ करोड, सोलु हाइड्रोपावरले १५ करोड र रिडी पावरले १२ करोड मूल्य बराबरको कारोबार गरे।

कारोबारमा आएकामध्ये २३ वटा स्टक्सको मूल्य बढ्दा २५२ वटाको घट्यो। ३ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो। सेयर बजारमा उच्च अंकको गिरावट आउँदा १३ वटै समूहको उपसूचक नकारात्मक देखिए।

# यस्ता छन् च्याउका फाइदा



च्याउ जति स्वादिलो हुन्छ, यो स्वास्थ्यका लागि पनि उत्तिकै फाइदाजनक हुन्छ। च्याउको सेवनले शरीरमा कोलेस्ट्रोलको मात्रा सन्तुलित बनाउनेदेखि लिएर स्तन क्यान्सर तथा प्रोस्टेट क्यान्सरको जोखिम कम गर्ने र मधुमेहको खतरालाई घटाउने विभिन्न अध्ययनहरूले देखाएका छन्।

मोटोपन घटाउनदेखि लिएर शरीरको रोग प्रतिरोधी क्षमता बढाउनमा पनि च्याउ सहयोगी हुने पोषणविद् केपी लम्साल बताउँछन्।

उनका अनुसार च्याउ स्वास्थ्यका लागि अत्यन्तै लाभदायक र पोषक तत्त्वले भरिपूर्ण खानेकुरा हो। यसमा पर्याप्त मात्रामा भिटामिन 'बी', फाइबर, पोटासियम र एन्टिअक्सिडेन्टहरू पाइन्छन्, जसले शरीरलाई विभिन्न रोगहरूबाट जोगाउन मद्दत गर्छन्।

**स्वास्थ्यका लागि च्याउका मुख्य फाइदाहरूः**

**रोग प्रतिरोधात्मक क्षमता बढाउनेः**

च्याउमा एर्गोथियोनाइन जस्ता शक्तिशाली एन्टिअक्सिडेन्ट र प्राकृतिक एन्टिबायोटिक गुण हुन्छन्, जसले शरीरको प्रतिरोधी क्षमता (इम्युनिटी) बढाउन मद्दत गर्छन्।

रक्तचाप नियन्त्रण गर्नेः यसमा पोटासियम बढी र सोडियम कम हुने भएकाले यसले रक्तचाप नियन्त्रण गर्न र मुटुलाई स्वस्थ राख्न सहयोग पुर्‍याउँछ।

**तौल घटाउन सहयोगीः**

च्याउमा उच्च प्रोटिन, प्रशस्त फाइबर र कम क्यालोरी/कोलेस्ट्रोल हुन्छ। यसले धेरै समयसम्म पेट भरिएको महसुस गराई मोटोपन नियन्त्रण गर्न मद्दत गर्छ।

रक्तअल्पताबाट बचाउनेः च्याउमा पाइने आइरन र कपरले शरीरमा रगतको कमी हुन दिँदैन। तसर्थ, रक्तअल्पता (एनिमिया) का बिरामीका लागि यो निकै उपयोगी छ। क्यान्सरको जोखिम कम गर्नेः विभिन्न अनुसन्धानका अनुसार च्याउको नियमित सेवनले क्यान्सर जस्ता प्राणघातक रोगको जोखिमलाई न्यूनीकरण गर्न सघाउँछ।

ऊर्जा र मानसिक स्वास्थ्यः यसमा पाइने भिटामिन 'बी' ले खानालाई ऊर्जामा बदल्न र स्नायु प्रणालीलाई स्वस्थ राख्न महत्त्वपूर्ण भूमिका खेल्छ।

# स्याङ्जामा अवैध सामान र पेट्रोल नियन्त्रण



स्याङ्जा । स्याङ्जाको हरिनास गाउँपालिकाका अवैध सामान, पेट्रोल र मदिरा नियन्त्रणमा लिइएको छ । गाउँपालिकाभित्र भएको बजार अनुगमनका क्रममा अनुमतिविना बिक्रीका लागि लैजाँदै गरिएका खाद्य सामग्री र अवैध रूपमा बिक्री भइरहेको इन्धन, सूर्तीजन्य पदार्थ र मदिरा नियन्त्रणमा लिइएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीको नेतृत्वमा रहेको टोलीले गरेको अनुगमनका क्रममा हरिनास गाउँपालिका-२, चिसापानीस्थित पसलहरूको निरीक्षण गर्दा ग ५ प ६४५४ नम्बरको मोटरसाइकलमा स्वीकृति नलिई बिक्री वितरण गरेको भन्दै खाद्य सामग्री बरामद गरिएको हो । नियन्त्रणमा लिइएका सामानहरूमा रसबरी चार बट्टा, मिल्क केक पाँच बट्टा, तिल चार पोका, जिरा दुई प्याकेट, पान्डा तीन प्याकेट र स्पासी पाँच प्याकेट रहेका छन् ।

करिब १६ हजार रुपैयाँ बराबरका सामानलाई आवश्यक कारबाहीका लागि हरिनास गाउँपालिकामा पठाइएको प्रहरीले जनाएको छ । त्यस्तै अनुगमन टोलीले हरिनास गाउँपालिका-४ रोदीखोला र चित्रेगाउँमा गरेको अनुगमनका क्रममा अवैध रूपमा बिक्री वितरण गरेको अवस्थामा झण्डै ७४ लिटर पेट्रोल, सुर्ती ६ प्याकेट र चुरोट १४ प्याकेट नियन्त्रणमा लिएको छ ।

नियन्त्रणमा लिइएका पेट्रोल र सूर्तीजन्य सामग्रीहरूमाथि आवश्यक कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको अनुगमन टोलीले जनाएको छ । उपभोक्ता हित संरक्षण र बजारलाई मर्यादित बनाउन जिल्लामा अनुगमन कार्यलाई तीव्रता दिइएको छ ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाले पुतलीबजार नगरपालिका र वालिङ नगरपालिका क्षेत्रभित्र सञ्चालित पसलबाट अवैध घरेलु मदिरा नियन्त्रणमा लिएको छ । बजारमा गरिएको अनुगमनका क्रममा अवैध रुपमा बेचबिखन भएको झण्डै दुई सय लिटर घरेलु मदिरा नियन्त्रणमा लिएर नष्ट गरिएको प्रहरीले जनाएको छ ।

# सन्धिखर्कका कर्मचारीको एक हप्ताको तलब बाढी प्रभावितलाई

अर्घाखाँची । सन्धिखर्क नगरपालिकाका १६८ कर्मचारीले बाढीपीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि एक हप्ताको तलब सहयोग गर्ने भएका छन् ।

भोटेकोशी-त्रिशूली नदीमा आएको अप्रत्याशित तथा आकस्मिक बाढीबाट ठूलो भौतिक तथा मानवीय भएकोमा दुःख व्यक्त गर्दै सन्धिखर्क नगरपालिका कर्मचारीले राहत तथा पुनःस्थापनाका लागि रकम दिने निर्णय गरेका हुन् । प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालको अध्यक्षतामा बसेको बैठकले विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाको कार्यमा ऐक्यबद्धता जनाउँदै यो निर्णय गरेको हो ।

कर्मचारीको एक हप्ताको तलब बराबरको रकम विपद् राहत कोषमा जम्मा गर्ने निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत खनालले जानकारी दिए ।



नगरपालिकाको प्रशासकीय कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थालगायत मातहतका कार्यालयमा कार्यरत १६८ जना कर्मचारीहरूबाट उक्त रकम संकलन गरी सहयोग गर्ने निर्णय गरिएको नगरपालिकाका आइटी प्रमुख विशाल महतले बताए । १६८ कर्मचारीले एक हप्ताको तलब बराबरको रकम सहयोग गर्दा झन्डै १५ लाख रुपैयाँ सहयोग हुने भएको छ ।

नगरपालिकाले भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीबाट भएको ठूलो भौतिक तथा मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ ।

साथै बाढीका कारण घरबारविहीन, प्रभावित तथा घाइते भएका नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सम्बन्धित निकायबाट तत्काल प्रभावकारी राहत, उद्धार तथा पुनःस्थापनाको कार्य अघि बढाउन आग्रह गरेको छ ।

# एक वर्षमा भित्रियो २३ खर्ब ६३ अर्ब १३ करोड



बुटवल । आर्थिक वर्ष २०८२/८३ मा रेमिट्यान्स (विप्रेषण आप्रवाह) २३ खर्ब ६३ अर्ब १३ करोड भित्रिएको छ । अघिल्लो आवको तुलनामा गत आव रेमिट्यान्स ३७.१ प्रतिशतले वृद्धि भएको हो । जबकी अघिल्लो वर्ष विप्रेषण आप्रवाह १९.२ प्रतिशतले मात्रै बढेको थियो ।

गएको असार महिनामा मात्रै विप्रेषण आप्रवाह दुई खर्ब ४२ अर्ब ३३ करोड रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु.१८९ अर्ब ११ करोड रहेको थियो ।

नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको गत आवको वार्षिक तथ्यांकअनुसार देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिले यस्तो देखाएको हो ।

सो आवमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २८.१ प्रतिशतले वृद्धि भई १६ अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १६.३ प्रतिशतले बढेको थियो । यस्तै, खुद द्वितीय आय (खुद ट्रान्सफर) रु.२५८१ अर्ब ५३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय रु.१८७४ अर्ब ३० करोड रहेको थियो ।

समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या चार लाख ६ हजार ५१९ र पुनः श्रमस्वीकृति लिनेको संख्या तीन लाख ८५ हजार ७८३ रहेको छ । अघिल्लो वर्ष यस्तो संख्या क्रमशः पाँच लाख पाँच हजार ९५७ र तीन लाख ३३ हजार ३०९ रहेको थियो ।

# पार्टीका कार्यक्रम रोकेर विपद् व्यवस्थापनमा कांग्रेस केन्द्रित

बुटवल । नेपाली कांग्रेसले रसुवामा आएको बाढीको पूर्व सूचना प्रणाली र समन्वय संयन्त्र प्रभावकारी नहुँदा अनपेक्षित थप क्षति बेहोर्नु परेको जनाएको छ ।

बुधबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकले विपदमा परी दिवंगत हुनेहरूप्रति श्रद्धाञ्जली अर्पण गरेको छ । त्यस्तै, वेपत्ताहरूको तीव्र गतिमा खोजी उद्धार, स्थानान्तरण एवं राहत उपलब्ध गराउन र घाइतेको उपचारमा कुनै कसर बाँकी नराख्न सरकारलाई आग्रह गरेको हो ।

रसुवामा आकस्मिक रुपमा आएको भीषण बाढीका कारण प्रभावित क्षेत्रको जनजीवन अस्तव्यस्त र अत्यन्त गम्भीर बनेको भन्दै कयौंको मृत्यु, कयौं बेपत्ता र अर्बौंको भौतिक क्षतिको खबरले सिङ्गो देशलाई स्तब्ध र मर्माहत बनाएको कांग्रेसले जनाएको छ ।

नागरिकको जीवन विपदमा परेको घडीमा सरकार, प्रतिपक्षी राजनीतिक दलहरू, संघ-संस्था, निजी क्षेत्र, नागरिक समुदाय सबैको साझा एकमात्र कर्तव्य उद्धार र राहत रहेको बैठकपछि जारी विज्ञप्तिमा उल्लेख छ ।

अन्य कुरा थाति राखेर सम्पूर्ण ध्यान विपद् व्यवस्थापनमा केन्द्रित गर्न सरकारलाई आग्रह गर्दै गर्दै कांग्रेसले विपदको घडीमा सरकारको हरेक प्रयासमा पार्टीको पूर्ण साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरेको छ । विपदको अवस्थामा कांग्रेसका कुनै पनि सदस्य भ्रामक सूचना, मिथ्या र अफवाहको पछि नलाग्न, आरोप प्रत्यारोप नगर्न र उद्धार राहत तथा व्यवस्थापन कार्यमा मात्र लाग्न बैठकले आग्रह गरेको छ ।

'विपदबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायतका जिल्लाको पार्टी पंक्तिलाई तटीय क्षेत्रमा बसोबास गर्ने परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण, सक्रियतापूर्वक उद्धार र राहत कार्यमा तुरुन्त जुट्न, स्थानीय विपद् व्यवस्थापन संयन्त्रसँग समेत समन्वय र सहकार्य गरी व्यवस्थित ढंगले प्रभावकारी रुपमा कार्य गर्न आग्रह गर्दछ । साथै प्रभावित क्षेत्रभन्दा बाहिरका पार्टीका साथीहरूलाई जहाँ हुनुनुन्छ आ-आफ्नो स्थानबाट साथ सहयोग गर्न अपिल गर्दछ ।'-महामन्त्री प्रदीप पौडेलले भने ।

कांग्रेसले केन्द्रीय कार्यालयका पूर्वनिर्धारित कार्यक्रम स्थगित गरे पार्टी पदाधिकारीहरू विपद् व्यवस्थापनमा केन्द्रित गराएको छ । कांग्रेसले केन्द्रीय सदस्य एवं रसुवाबाट निर्वाचित प्रतिनिधि सभा सदस्य मोहन आचार्यको संयोजकत्वमा विपद व्यवस्थापन समन्वय एवं सहजीकरण समिति गठन गरेको छ ।

उक्त समितिमा बाढी प्रभावित जिल्ला रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन र नवलपुरका केन्द्रीय सदस्य, प्रतिनिधिसभा सदस्य, बागमती प्रदेश सदस्य, सभापतिहरू, प्रदेशसभा सदस्यहरू र कांग्रेसबाट निर्वाचित स्थानीय सरकारका प्रमुख-उपप्रमुखहरू, भ्रातृ संघका सभापति र सम्बन्धित शुभेच्छुक संस्थाका सभापति सदस्य रहने छन् । पार्टीको विपद् व्यवस्थापन उपसमितिका संयोजक मानबहादुर थापा समितिको सदस्य सचिवमा रहेको उक्त समितिअन्तर्गत केन्द्रीय कार्यालयमा कांग्रेसले सूचना तथा समन्वय डेस्क खडा गरेको महामन्त्री पौडेलले बताए ।

कांग्रेसको तर्फबाट हुने सबैखाले सहयोग उक्त समितिको समन्वयमा हुने उनको भनाइ छ । कांग्रेस पार्टीको तर्फबाट एकमुष्ट रुपमा राहत कोषमा रकम जम्मा गर्ने निर्णय गरेको छ ।

**भोटेकोसी ...**

बाढीले गाउँपालिका भवन पनि बगाएको र तटीय क्षेत्रका कुनै पनि घर बाँकी नरहेको उनले जानकारी दिए । आफू केही बोल्न नसक्ने अवस्थामा रहेको र मानवीय तथा भौतिक क्षति यो युगले पूर्ति गर्न नसकिने अकल्पनीय रहेको उनले बताए ।

केन्द्र सरकारबाट उद्धारका लागि खासै पहल नभएको र एकाध हेलिकोप्टर उडे पनि सरकारको गम्भीरता नदेखिएको उनको गुनासो छ । बुधबार बिहान भोटेकोशी हुँदै त्रिशूली नदीका किनाराका बस्तीहरू सामान्य दैनिकीमा चलिरहेका थिए । अचानक आएको बाढीले केही सेकेन्डमै दशकौं-दशक लागेर बनेका संरचना तहसनहस भए । बस्तीहरू बगाए । जनधनको बेहिसाब क्षति भयो । बाढी आएको केही घन्टापछि बाढी प्रभावित क्षेत्र नियाल्दा सबै चीज तहसनहस देखिएका छन् ।

खोलाको सतहदेखि २७० फिट माथिसम्मका बस्तीहरुमा बाढी पसेको छ । घरहरू अधिकांश सग्लो छैनन् । कतिलाई बगायो थाहा छैन । उद्धारका लागि सेना, नेपाल प्रहारी, सशस्त्र प्रहरीको टोली खटेपनि रसुवा, नुवाकोट र धादिङका धेरै क्षेत्र प्रभावित भएकाले उद्धारमा कठिनाइ भएको छ ।

बाढी प्रभावित क्षेत्र टिमुरे, धुन्चे, मैलुङ, स्याफ्रुबेसी, बेत्रावती क्षेत्रमा पुग्दा बस्तीहरू खण्डहर देखिन्छन् । हाइड्रोपावर पनि बगाएको छ । भन्सार कार्यालयको नामोनिसान छैन ।

**गोरखाका ३८ तीर्थयात्री सम्पर्कविहीन**

गोरखाबाट गोसाइँकुण्ड तीर्थयात्रामा गएका ३८ जना सम्पर्कविहीन भएका छन् । रसुवा बाढीपछि उनीहरू सम्पर्कविहीन भएको पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले जनाएका छन् । स्थानीय बासिन्दाले गुनासोका आधारमा आफूले उनीहरूको विषयमा सम्बन्धित निकायलाई जानकारी गराएको उनले बताए । डा. भट्टराईका अनुसार, गोरखाको पालुङटार नगरपालिका-५ का ३८ जना गोसाइँकुण्ड तीर्थयात्रामा गएका थिए। उनीहरू ग २ ख ११५२ नम्बरको बसमा रहेका थिए । उनीहरू रसुवाको उत्तरगंगा गाउँपलिकाबाट सम्पर्कविहीन बनेको डा. भट्टराईले जनाएका छन् । सबै सम्पर्कविहीन तीर्थयात्रीको खोजी र उद्धारका लागि उनले आग्रह गरेका छन् ।

**सयौं गाडी बगे**

रसुवा जिल्लाको भोटेकोशी खोलामा एक्कासि आएको बाढीका कारण नेपाल भित्रिन तयार अवस्थामा रहेका सयौं गाडी बगेका छन् ।

बुधबार बिहान आएको आएको बाढीबाट ३०० सयभन्दा बढी विद्युतीय गाडी र ट्रकहरू बगेको रसुवा भन्सार कार्यालय टिमुरेले जानकारी दिएको छ ।

रसुवा भन्सार कार्यालयका प्रमुख राजेन्द्र ढुंगानाले बाढीबाट भन्सार क्षेत्र पूरै तहसनहस भएको जानकारी दिए । उनका अनुसार ३०० सयभन्दा बढी विद्युतीय गाडी र ट्रकहरु भन्सार जाँच पास हुने क्रममा थिए ।

'त्यो सबै बगाएको छ । टिमुरे बजार र रसुवागढी नाकातार्फ ठाउँ ठाउँमा रोकेर राखिएका गाडीको हिसाबकिताब नै छैन। बाटैभरि गाडी थिए ।'- उनले भने ।

वुलिङ, एमजी, आर्कफक्स, जेटोर, बेइक, बीवाईडी, नामी, ओमोडा एन्ड जेकोलगायतका विद्युतीय गाडी रसुवागढी भन्सारबाट आउने गरेका छन् । लक्ष्मी ग्रुपअन्तर्गत लक्ष्मी हुन्डाई प्रालिका जेनरल म्यानेजर (जीएम) दीपक थपलियाले बाढीबाट कति गाडीमा क्षति पुगेको जानकारी हुन नसकेको बताए । लक्ष्मी ग्रुपका आर्कफक्स, जेटोर र बेइक ब्रान्डका गाडी चीनबाट नेपाल भित्रिने क्रममा थिए ।

'४०/५० वटा गाडी भित्रिने क्रममा थिए । कम्पनीका प्रतिनिधिहरु कोहीसँग सम्पर्क हुनसकेको छैन । कति गाडी भन्सार पास भएर कहाँ छन् भन्ने जानकारी पनि पाउन सकिएको छैन । कोहीसँग सम्पर्क हुन नसक्दा कति संख्यामा गाडीमा क्षति पुग्यो भन्ने जानकारी पाउन सकिएको छैन । हामी सम्पर्क गर्ने प्रयासमै छौं ।'- थपलियाले भने ।

रसुवागढीका कारण बीवाईडीका गाडीमा पनि ठूलो क्षति पुगेको छ । नाडा र नाइमा बुक भएका गाडी डेलिभर दिन ठूलो संख्यामा गाडी आइरहेको बीवाईडीका नेस्नल सेल्स हेड आशुतोष गौतमले जानकारी दिए ।

'बाढीबाट कति गाडीमा क्षति पुग्यो भन्ने जानकारी पाउन सकिएको छैन । केही गाडी भन्सार छुट्ने क्रममा थिए । नेपाल र चीन तर्फ कति गाडी छन् भन्ने खबर छैन ।'- गौतमले भने ।

भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले बाढीबाट पूर्वाधारमा दुई खर्बको क्षति भएको बताएका छन् ।

बुधबार बिहान आएको बाढीबाट पुर्‍याएको क्षतिबारे सोधिएको प्रश्नमा मन्त्री लम्सालले दुई खर्ब हारहारी पूर्वाधारमा क्षति भएको जानकारी आएको बताए । बाढीले पूर्वाधार धेरै क्षति पुर्‍याएको बताउँदै मन्त्री लम्सालले पुल र सडकालाई निर्माणमा प्राथमिकता दिएर छिटो बनाउने बताए ।

**विपद्...**

सभामुख डोलप्रसाद अर्यालले अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरिएको बताए ।

हालैको बाढी पहिरोबाट उत्पन्न परिस्थितिमा सरकारका साथसाथै सभाका सदस्यहरू समेत राहत तथा उद्धारलगायतका कार्यमा संलग्न हुनुपर्ने भएको कारण निर्धारित मिति र समयमा बस्न नसक्ने भएकोले अर्को सूचना नभएसम्मको लागि बैठक स्थगित गरिएको सूचना प्रकाशित गरिएको हो ।

**दुर्गा...**

संविधानको धारा १६ ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता गरेको छ भने धारा १७ को उपधारा २ (क), (ख), (ङ) ले क्रमशः विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, नेपालभर आवतजावतको स्वतन्त्रताको अधिकारको प्रत्याभूति गरेको अवस्था पनि आदेशमा उल्लेख छ । कानुन बमोजिम बाहेक प्रत्येक व्यक्तिको निजी निवास र व्यक्तिगत गोपनीयतासमेत संरक्षित रहेको समेत आदेशमा उल्लेख छ ।

'उल्लेखित संवैधानिक व्यवस्थाहरूको आलोकमा माग भएको प्रतिषेधको आदेश सम्बन्धमा विचार गर्दा,' सर्वोच्चले आदेशमा भनेको छ-'निवेदकको घर बाहिर अनावश्यक रूपमा सुरक्षाकर्मी खटाई बिना कारण निवेदकका पति समेतको उल्लेखित संविधान प्रदत्त व्यक्तिगत स्वतन्त्रताको हक, स्वतन्त्रतापूर्वक आवत् जावत् गरी सम्मानपूर्वक बाँच्न पाउने हकहरूमा पर्याप्त र वस्तुनिष्ठ आधार र कारणबिना अवरोध सृजना गर्ने, अनावश्यक निगरानी लगायतका कार्य नगर्नु, नगराउनु भनी प्रतिषेधको आदेश जारी हुने ठहर्छ ।'

**१५ सय १औं ...**

मोहम्मदको सबैभन्दा ठूलो ऐतिहासिक योगदान तत्कालीन विभाजित र कुप्रथामा जेलिएको अरब समाजलाई एकेश्वरवाद तौहिद र मानवीय समानताको विचारद्वारा एकताबद्ध गर्नु हो । उनले सामाजिक भेदभावको अन्त्य, पवित्र ग्रन्थ कुरआनको प्रचार, छोरीलाई जीवितै गाड्ने कुप्रथाको अन्त्य, महिला तथा दासहरूलाई अधिकार प्रदान र मदिनाको बडापत्रमार्फत् धार्मिक सहअस्तित्व र न्यायको जग बसालेका थिए । ६३ वर्षको उमेरमा साउदीको मदिनामा निधन भएका मोहम्मदले छोटो समयमै आपसमा लडिरहेका कबीलाहरूलाई एउटै शान्तिपूर्ण राष्ट्रमा ढालेर सत्य, दया र न्यायमा आधारित विश्वव्यापी नैतिक जीवनपद्धतिको सुरुवात गरेका थिए । सोही खुसियालीको स्मरणमा विश्वभरका मुस्लिम समुदायले यस दिनलाई जश्ने ईद मिलादुन्नबीका रूपमा मनाउँदै आएका छन् । पर्वका अवसरमा यो महिनाभरि विभिन्न नात-ए-शरिफ, प्रवचन तथा मोहम्मदको जीवनी वाचन गरिनुका साथै विभिन्न सामाजिक कार्यहरू समेत गर्ने गरिनछ । मोहम्मद जयन्तीको अवसरमा नेपाल सरकारले मुस्लिम समुदायलाई र स्थानीय पालिकाहरूले स्थानीयस्तरमा सार्वजनिक बिदा दिएका छन् ।

## डिभिजन वन कार्यालय, पालपा

## काठ, दाउरा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रकाशित मितिः २०८३।०५।११

वन तथा भू-संरक्षण विभाग र शक्ति मिनरल्स प्रा.लि. बिच भएको सम्झौता अनुसार प्रा.लि.ले भोगाधिकार प्राप्त गरेको क्षेत्रमा रुखहरु कटान मुछान गरी सम्झौता तथा वन नियमावली बमोजिम यस कार्यालयलाई हस्तान्तरण गरेको विभिन्न प्रजातिका गोलिया काठ ९१७.३१ क्यू.फि., साल दाउरा ०.२५ चट्टा, अन्य दाउरा २० चट्टा शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्न आह्वान गरी २१ दिने सूचना प्रकाशित गरीएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

## १५ दिने अत्यन्तै जरुरी सूचना

यस श्री सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य बुटवल-३, बस्ने कर्णबहादुर के.सी.को नामको साविक मक्रहर गा.वि.स. वडा नं.६/६(क) हाल तिलोत्तमा-११ मक्रहरमा रहेको कित्ता नं.१५९२ क्षेत्रफल ०-०-५-० को जग्गा २०७८/११/०१ मा धितो राखी रु १०,०००००।-(अक्षरुपी दश लाख) ऋण लगेको हुनाले उक्त ऋण सहकारीको नियमानुसार ४ किस्ता गरी २०८०।१०।२९ सम्म चुक्ता गर्नुपर्नेमा हालसम्म कुनै पनि किस्ता रकम भुक्तानी नभएकोले पटक-पटक पत्राचार गरी तरताकेता गर्दा पनि भुक्तानी हुन नसकेको कारणले हाल निजको मृत्यु भएको भन्ने सुन्नमा आएको हुँदा निजको हकवालाहरुलाई समेत पटक-पटक पत्राचार गरी तरताकेता गर्दा पनि धितो जग्गाको ऋण नतिरी आनाकानी गरेकोमा प्रथम पटक मिति २०८३/०४/०७ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्तै जरुरी सूचनाको समेत अवज्ञा गरी नआउनुभएको हुँदा प्रचलित ऐन कानुन तथा सहकारी संस्थाको नीति, निमय तथा कार्यविधि अनुसार पुनः दोस्रो पटक आजका मितिले १५ (पन्ध्र) दिनभित्र सावाँ, व्याज र विलम्ब शुल्कसहित हुन आउने सम्पूर्ण रकम भुक्तानी गर्नुहुन ऋणीका हकवालालाई जानकारी गराइन्छ ।

**श्री सुमेरू बचत तथा ऋण सहकारी लि.**
तिलोत्तमा-१, शंकरनगर, रूपन्देही

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
● ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
● लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**गोलभेडा खेतीः**
म्याग्दीको बेनी नगरपालिका-५ डडुवाका किसान मोहन भण्डारीले व्यावसायिक रुपमा गरेको खेतीमा लटरम्म फलेर पाक्दै गरेका गोलभैंडा। डडुवाका २० घरपरिवार किसानले व्यावसायिक गोलभैंडा खेती गरेका छन्। तस्विरः रासस

# पर्यटन पूर्वाधारमा ६ करोड ५० लाख



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा चालु आर्थिक वर्ष २०८३/०८४ मा ६ करोड ५० लाख रुपैयाँको लागतमा पर्यटन पूर्वाधारका संरचना निर्माण हुने भएका छन्। पर्यटन पूर्वाधारका १०२ वटा संरचना निर्माणका लागि ६ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

जिल्लाका ११ स्थानीय तहमध्ये १० वटा स्थानीय तहमा पर्यटन पूर्वाधारका साना र ठूला गरी १०२ संरचना निर्माणमा ६ करोड ५० लाख रुपैयाँ बजेट सुनिश्चित गरिएको हो। १० वटा स्थानीय तहलाई योजना र बजेट सुनिश्चित हुँदा हरिनास गाउँपालिकालाई योजना र बजेट विनियोजन भएको छैन।

चालु आर्थिक वर्षमा पर्यटन पूर्वाधार निर्माण, प्रवर्द्धन र संरक्षणका १०२ योजनामा ६ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएको एकीकृत सेवा कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले जानकारी दिए। उनका अनुसार पर्यटन पूर्वाधारतर्फ पर्यटकीय स्थल, प्याराग्लाइडिङ्ग, सामुदायिक होमस्टे, ट्रेकिङ्ग, पदमार्ग, जातीय संग्रहालय, मठमन्दिर र पार्कसहितका संरचना निर्माण हुने छन्।

पर्यटकीय स्थलको निर्माण तथा विस्तारमध्ये पुतलीबजार नगरपालिकामा ८५ लाख रुपैयाँको लागतमा १५ वटा संरचना निर्माण हुनेछ भने र वालिङ नगरपालिकामा १५ वटै योजनाका लागि ८५ लाख रुपैयाँ विनियोजन भएको कार्यालयले जनाएको छ। भीरकोट नगरपालिकामा ६० लाखमा १० संरचना, गल्याङ नगरपालिकामा ९ वटा योजनालाई ५५ लाख रुपैयाँ विनियोजन भएको छ भने चापाकोट नगरपालिकामा ५५ लाखका ७ वटा संरचना निर्माण हुने कार्यालयले जनाएको छ।

त्यस्तै आँधीखोला गाउँपालिकामा एक करोड १५ लाख रुपैयाँको १४ वटा संरचना र कालीगण्डकी गाउँपालिकालाई १४ वटै योजनामा ९० लाख रुपैयाँ विनियोजन भएको छ। फेदीखोला गाउँपालिकामा ६५ लाख रुपैयाँको लगानीमा १० संचरना निर्माण हुनेछ भने बिरुवा गाउँपालिकामा पाँच योजनालाई २५ लाख रुपैयाँ र अर्जुनचौपारी गाउँपालिकामा २० लाख रुपैयाँको लागतमा तीन वटा संचरना निर्माण हुने कार्यालयले जनाएको छ।

पर्यटन पूर्वाधारमा पदमार्ग निर्माण, होम स्टेको स्तरोउन्नति, प्याराग्लाइडिङ्ग, मठमन्दिर, मस्जिदको प्रवर्द्धन र मगर, गुरुङ तथा नेवार संग्रहालय निर्माणलगायतका संरचना समावेश गरिएको छ। पर्यटकीय स्थलको विकास, गुफाको संरक्षणसँगै पार्क निर्माणमा मोटो रकम खर्च गर्ने लक्ष्य राखिएको सेवा कार्यालयका पर्यटन शाखा प्रमुख कृष्ण लम्सालले जनाए।

प्रदेश सरकारले पर्यटन पूर्वाधारमा करोडौं लगानी गर्दा त्यसको प्रतिफल लिनेतर्फ स्थानीयले समयमै अग्रसरता देखाउनु पर्नेमा जिल्लाका पर्यटन व्यवसायी अनन्तकुमार श्रेष्ठले जोड दिए। राज्यले पर्यटकीय क्षेत्रको प्रवर्द्धन, संरक्षण र विस्तारमा लगानी केन्द्रित गर्दा स्थानीयले प्रतिफल लिने गरी आवश्यक रणनीति निर्माणमा ध्यान दिनुपर्ने आवश्यकता रहेको व्यवसायी श्रेष्ठले बताए।

त्यसैगरी सेवा कार्यालयबाट चालु आर्थिक वर्ष २०८३/८४ मै जिल्लाका पाँच नगरपालिकामा ७६ वटा कार्यक्रमका लागि चार करोड ४३ लाख रुपैयाँ र ६ गाउँपालिकातर्फ ७५ वटा कार्यक्रमलाई चार करोड ६० लाख रुपैयाँ गरी कुल १५१ वटा सामाजिक विकासका गतिविधिमा ९ करोड तीन लाख रुपैयाँ बजेट खर्च गरिने भएको छ। खासगरी विद्यालयका संरचना निर्माण र मर्मत, रंगशाला-खेलमैदानको व्यवस्थापन र क्लब तथा सामुदायिक भवन निर्माणमा बजेट खर्च हुने कार्यालयले जनाएको छ।

सामाजिक विकासअन्तर्गत नगरपालिकातर्फ वालिङमा २६, चापाकोटमा २१, गल्याङमा १५ पुतलीबजार र भीरकोटमा ७/७ वटा कार्यक्रम सञ्चालन गरिने भएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार गाउँपालिकातर्फ कालीगण्डकीमा २५, अर्जुनचौपारीमा १४, आँधीखोलामा १२, फेदीखोलामा ११, बिरुवामा ८ र हरिनासमा ५ वटा कार्यक्रम संचालन गरिने छ।

# सडक भासिएर पहिरोको जोखिम बढेपछि स्थानीयद्वारा सडक अवरुद्ध



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पाको सदरमुकाम लिबाङको बजार क्षेत्रको मुख्य सडक पहिरोले भत्किएपछि तत्काल निर्माणका लागि भन्दै स्थानीयले सडक अवरुद्ध गरेका छन्। स्थानीयले बुधबार बिहानदेखि अनिश्चित कालका लागि भन्दै सडक अवरुद्ध गरेका हुन्।

रोल्पाको सदरमुकाम लिबाङ बजारको पँधेरीखोला नजिक आधा सडक पहिरोले भत्किएपछि स्थानीयले तत्काल सडक निर्माणको माग गर्दै सडक अवरुद्ध पारेका छन्। सडकको तलतिरबाट सेवन वलीले घर बनाउँदै गर्दा सडक मुनिबाट खनेका कारण सडक भासिएको छिमेकीको आरोप छ। घर निर्माणसँगै व्याडमिन्टन मैदान निर्माण गर्दा सडक क्षेत्रतिर खनेको र त्यसका कारण सडक भासिएको स्थानीयले बताएका छन्। आधा सडक भासिएसँगै आसपासका घरहरु समेत जोखिममा रहेका छन्।

संघर्ष समिति बनाएर रोल्पा नगरपालिका, प्रशासन तथा धेरै ठाउँमा गुहार माग्दा पनि कसैले सडक निर्माणमा चासो नदिएको स्थानीयको भनाइ छ। सडक निर्माण गर्नुका साथै आसपासका क्षेत्रको जोखिम न्यूनीकरणको पहल नहुँदासम्म सडक नखुलाउने उनीहरु बताउँछन्।

यता घर निर्माणकर्ता सेवन वलीले भने आफूले खनेर सडक नभत्किएको दाबी गरेका छन्। आफ्नो जग्गामा घर बनाएको र सडक नच्यापेको दाबी गर्दै वलीले सडक आफूले बनाउने, तर केही समय लाग्ने बताएका छन्।

रोल्पा नगरपालिकाले पनि घर निर्माण गर्दा सडक नच्याप्न निर्देशन दिए पनि स्थानीय सेवन वलीले सडक मुनि खनेकै कारण सडक भासिएको बताएको छ। रोल्पा नगरपालिकामा सबै पक्षलाई बोलाएर सहमति गरिए पनि उक्त सहमतिको पालना नगरेको र अटेरी गरेका कारण आवश्यक कार्बाहीका लागि जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेको नगरप्रमुखको भनाइ छ।

सडक भासिएका कारण एकतर्फी यातायात गुड्ने अवस्था भए पनि अहिले स्थानीयले अवरोध गरेपछि पूर्णरुपमा बन्द छ। समस्या समाधानका लागि कसैले पहल नगरेको भन्दै स्थानीयले सडक बनाउने बलियो आधार नहुँदासम्म नखोल्ने जनाएका छन्। एउटा व्यक्तिको कारणले यति ठूलो समस्या उत्पन्न हुनु दुर्भाग्य भएको भन्दै स्थानीयले रोल्पा नगरपालिका र प्रशासनको कडा विरोध जनाएका छन्।

# वायु प्रदूषण नियन्त्रणमा कडाइ गर्छौं: मुख्यमन्त्री आचार्य

बुटवल। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले वायु प्रदूषण नियन्त्रणका लागि उद्योग, सवारीसाधन तथा विकास निर्माणका क्षेत्रमा तोकिएका मापदण्डको कडाइका साथ कार्यान्वयन गरिने बताएका छन्। वातावरण विभागको आयोजना तथा एफएचआई ३६० को सहकार्यमा बुधबार लमहीमा आयोजित 'वायु गुणस्तर तथा प्रदूषण नियन्त्रण प्रदेशस्तरीय परामर्श कार्यशाला, २०८३' मा बोल्दै मुख्यमन्त्री आचार्यले वायु प्रदूषण नियन्त्रण सरकारको साझा जिम्मेवारी भएको जनाए।

उनले उद्योगहरुले वायु प्रदूषण नियन्त्रणका लागि अपनाउनुपर्ने मापदण्ड पूर्णरुपमा पालना गर्नुपर्ने बताउँदै मापदण्ड कार्यान्वयनको अनुगमनलाई प्रभावकारी बनाइने उल्लेख गरे। उद्योगबाट निस्कने धुवाँ तथा अन्य प्रदूषकको नियन्त्रणमा सम्बन्धित निकायले नियमित निगरानी गर्नुपर्ने उनको भनाइ थियो। मुख्यमन्त्री आचार्यले इन्धनबाट सञ्चालन हुने सवारीसाधनको नियमित जाँच तथा प्रदूषण परीक्षणमा समेत कडाइ गरिने बताए। सवारीसाधनबाट निस्कने धुवाँ वायु प्रदूषणको महत्वपूर्ण स्रोत भएकाले प्रदूषण परीक्षणलाई प्रभावकारी बनाउनुपर्ने उनले जनाए।

तराई क्षेत्रमा गहुँको नल तथा कृषि अवशेष जलाउने प्रवृत्ति बढ्दै गएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले यसको नियन्त्रणका लागि जनचेतना अभिवृद्धिसँगै स्थानीय तहले प्रभावकारी पहल गर्नुपर्ने बताए। विकास निर्माणका क्रममा वातावरणीय मापदण्डलाई बेवास्ता गर्न नहुनेमा जोड दिँदै उनले सडक तथा भवन निर्माण गर्दा धुलो नियन्त्रण, निर्माण सामग्रीको उचित व्यवस्थापनलगायतका मापदण्ड अनिवार्यरुपमा पालना गर्नुपर्ने जनाए।

स्थानीय तहले विकास निर्माणका आयोजनामा वातावरणीय मापदण्ड लागू भए नभएको नियमित अनुगमन गर्नुपर्ने उनको भनाइ थियो। वायु प्रदूषण न्यूनीकरणका लागि वृक्षरोपण र हरियाली प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने बताउँदै मुख्यमन्त्री आचार्यले धुवाँरहित चुल्होको प्रयोग विस्तार गर्नुपर्ने बताए। वातावरण संरक्षणका कार्यक्रमलाई जनजीवनसँग जोडेर अघि बढाउनुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा लुम्बिनी प्रदेशका वन, वातावरण तथा पर्यटनमन्त्री तुलसीप्रसाद चौधरीले मानवीय क्रियाकलापका कारण वातावरणीय प्रदूषण बढ्दै गएको बताए। वातावरण संरक्षण र विकास निर्माणबीच सन्तुलन कायम गर्न आवश्यक रहेको उनले उल्लेख गरे।

मन्त्री चौधरीले देउखुरी उपत्यकामा वायु प्रदूषणको चाप उच्च रहेको बताउँदै प्रदूषण नियन्त्रणका लागि तोकिएका मापदण्डको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए। उद्योगहरुले मापदण्ड पालना नगरेको अवस्था देखिएको भन्दै उनले अनुगमन र नियमनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

# उद्धार र राहतमा जुट्न रूपन्देही व्यापार संघको अपिल




बुटवल। चीनको तिब्बततर्फबाट भोटेकोशी तथा त्रिशुली नदीमा बुधबार बिहान अचानक आएको भीषण बाढीका कारण देशका विभिन्न स्थानमा ठूलो मानवीय तथा भौतिक क्षति भएको भन्दै रूपन्देही व्यापार संघले दुःख व्यक्त गरेको छ।

संघका अध्यक्ष प्रकाश ढकाल र महासचिव प्रकाशराज पौडेलले बुधबार संयुक्त रुपमा एक विज्ञप्ति जारी गर्दै रसुवाको टिमुरे, स्याफ्रुबेंसी, नुवाकोट, धादिङ, चितवनलगायतका क्षेत्रमा भएको जनधनको क्षति तथा व्यवसायिक प्रतिष्ठान, सीमा नाकामा रहेका व्यवसायीका मालसामान, बजार, सडक, पुल तथा अन्य भौतिक संरचनामा पुगेको क्षतिप्रति दुःख व्यक्त गरेका छन्। विज्ञप्तिमा विपद्मा ज्यान गुमाउने नागरिकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरिएको छ।

प्राकृतिक विपद्बाट बेपत्ता तथा प्रभावित नागरिकको तत्काल खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन संघले नेपाल सरकार तथा सम्बन्धित निकायसँग आग्रह गरेको छ। विपद्को यस घडीमा सम्पूर्ण व्यवसायी तथा अन्य समुदायलाई उद्धार र राहतमा जुट्नसमेत संघले अपिल गरेको छ। त्यसैगरी, सम्बन्धित सरकारी निकायबाट जारी सूचना तथा निर्देशनको पूर्ण पालना गर्दै नागरिकलाई सचेत र सावधानी अपनाएर सुरक्षित रहन संघले आग्रह गरेको छ।


**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!**

**आइडिया डिजाइनर्स/ अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिद्धार्थनगर, रूपन्देही

## प्रमाणित गरिएको सम्बन्धमा

**श्री जो जससँग सम्बन्ध छ।**

मितिः २०८३/०५/०८
ने.सं. :- ११४६

जिल्ला रुपन्देही कञ्चन गाउँपालिका वडा नं. ०४ बस्ने भिम कुमार काउचाले आफू भारतीय भू.पू. सैनिक नं. 5040100H रेङ्क हवल्दार रेजिमेन्ट 1GR को पेन्सनर रहेकोमा निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भिम कुमार काउचा र निजको पेन्सन अभिलेखमा नामथर भिम कुमार थापा उल्लेख भएको साथै निजको पत्नीले प्राप्त गरेको नागरिकता प्रमाणपत्रमा नामथर रम्भा मगर्नी र जन्ममिति वि. सं. २०१५ / १२ / २५ (ई.सं. १९५९-०४-०७) र पेन्सन अभिलेखमा पत्नीको नामथर रमा देवी र जन्ममिति ई.सं. १९५९-०६-२३ उल्लेख भई आफु र आफ्नो पत्नीको नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित कञ्चन गाउँपालिका ०४ नं. वडा कार्यालयको च.नं. २६६ मिति २०८३/०५/०५ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिएको छ।



विश्व प्रकाश अर्याल
प्रमुख जिल्ला अधिकारी







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com